# नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्या: एजिएम १ ५९/८१ (११८९

२०२२ नेपाल काठमाडौं

२०८१/१२/७

**श्री सदस्य महानुभावहरू,**
**नेउवामहासंघ ।**

**बिषय : नेपाल उद्योग वाणिज्य महासंघको ५९ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०८१ को सूचना ।**

महोदय,

यस महासंघको विधान (सातौं संशोधन) को दफा २० को उपदफा ४, दफा २१ र दफा २२ अनुसार दशौं कार्यकारिणी समितिको मिति २०८१/११/२६ को वैठकको निर्णय अनुसार महासंघको **५९ औं वार्षिक साधारण सभा यही २०८१ चैत्र २८ गते (April 10 , 2025) विहीवार** होटल याक एण्ड यति, दरवारमार्ग, काठमाडौंमा आयोजना हुने व्यहोरा सदस्यज्यूहरूमा सहर्ष जानकारी गराउँदछु । चैत्र २८ गते उद्योग वाणिज्य दिवस-२०८१ समेतको समुद्घाटन हुने व्यहोरा अनुरोध गर्दछु ।

महासंघको ५९औं वार्षिक साधारण सभा सम्बन्धी भएको व्यवस्था एवं कार्यक्रम यसै साथ पठाएको छु । सो अनुसार ५९औं वार्षिक साधारण सभामा भाग लिन आवश्यक व्यवस्था सहित प्रतिनिधी पत्र, प्रतिनिधि शुल्क र वार्षिक सदस्यता शुल्क पठाई दिने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु ।

**१. ५९औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०८१ को समुद्घाटन कार्यक्रम:**
**२०८१ चैत्र २८ गते बिहिबार होटल याक एण्ड यति, दरवारमार्ग, काठमाडौं**

१.१ अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट स्वागत मन्तव्य ।

१.२ विशेष अतिथीज्यूबाट मन्तव्य ।

१.३ प्रमुख अतिथिज्यूबाट सम्बोधन ।

१.४ वरिष्ठ उपाध्यक्ष श्री अञ्जन श्रेष्ठज्यूबाट धन्यवाद ज्ञापन ।

**२. ५९औं वार्षिक साधारण सभाको औपचारिक सत्र :**

**मिति: २०८१ चैत्र २८ गते बिहिबार**

२.१ अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट सभालाई सम्वोधन ।

२.२ महासंघको "वार्षिक प्रतिवेदन २०८१" प्रस्तुत ।

२.३ कोषाध्यक्ष श्री भरतराज आचार्यज्यूबाट आ.व. २०८०/८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात एवं आय व्यय विवरण प्रस्तुत ।

२.४ लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक ।

२.५ कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरू उपर छलफल ।

क्रमशः .. २

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 5362061, 5362218, 5366889
Cable : FEDERATION, Fax : 977-1-5361022, 5362007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ५३६२०६१, ५३६२२१८, ५३६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-५३६१०२२, ५३६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

## ३. सभामा प्रतिनिधित्व सम्बन्धी व्यवस्था

३.१. ५९औं वार्षिक साधारण सभामा भाग लिने सम्बन्धमा विधानको दफा २४.५ अनुसार जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सम्बन्धमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ ।

३.२ अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा सम्बन्धित संघको कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार सम्बन्धित संघको कार्यकारिणी समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ताको समयमा पेश गर्नु पर्नेछ ।

३.३ एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सञ्चालक समितिको सदस्यका साथै कार्यकारी सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रवन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रूपमा मनोनयन गरी पठाउनु पर्नेछ ।

## ४. सभामा भाग लिने प्रतिनिधि संख्या:

४.१ महासंघका सदस्य संघ संस्थाहरू जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि गरी ३ जनाको व्यवस्था गरिएको छ ।

४.२ वस्तुगत संघहरूबाट मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि गरी २ जनाको व्यवस्था गरिएको छ ।

४.३ द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यको हकमा १/१ जनाको प्रतिनिधिको व्यवस्था गरिएको छ ।

## ५. प्रतिनिधी शुल्क :

५.१ वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिहरूको लागि प्रतिनिधि शुल्क प्रति व्यक्ति रु.३५००। ( अक्षरेपी तीन हजार पाँच सय मात्र) लाग्ने छ ।

## ६. वार्षिक सदस्यता शुल्क सम्बन्धमा

६.१ ५९औं वार्षिक साधारण सभामा भाग लिनको लागि सदस्य संघ संस्था/प्रतिष्ठानहरूले आ.व. २०८१/८२ सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ । उक्त वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क सबै सदस्य संघ संस्था/प्रतिष्ठानहरुले यही **२०८१ चैत्र २७ गते साँझ ६:०० बजेभित्र** महासंघको सचिवालयमा बुझाउनु पर्ने छ ।

६.२ वार्षिक सदस्यता शुल्क र प्रतिनिधि शुल्क online र QR code मार्फत पनि पठाउन सकिने छ ।

बैक विवरण

| A/C Name | Name of Bank | Address | A/C Number |
|---|---|---|---|
| FNCCI | Global IME Bank Ltd | Tripureshwor | 30101010000463 |

## ७. प्रतिनिधि पत्र सम्वन्धी व्यवस्था :

७.१ ५९औं वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिले भर्नु पर्ने प्रतिनिधि पत्र यसै साथ संलग्न छ ।

नेपाल उद्योग वाणिज्य महासंघ २०२२ नेपाल काठमाडौं

क्रमशः .. ३

७.२ उक्त प्रतिनिधि पत्रको सक्कल वार्षिक साधारण सभा हुनु भन्दा १ **दिन अगाडि अर्थात यही २०८१ चैत्र २७ गते** भित्र महासंघको सचिवालय टेकुमा पुग्ने गरी पठाउनु पर्ने छ। यसै समय भित्र प्रतिनिधि पत्र र निर्णयको प्रतिलिपि इमेल/फ्याक्सबाट पठाउन सकिने छ, । तर यी सबै कागजातको सक्कल प्रतिहरू सभा सुरु हुनु अगावै अर्थात २०८१ चैत्र २७ गते साँझ ६:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ ।

८. **प्रस्तावः**

५९औं वार्षिक साधारण सभामा पेश गर्ने प्रस्तावहरू **२०८१ चैत्र १५ गते** भित्र महासंघमा आई पुग्ने गरी पठाउनु हुन अनुरोध गरिएको छ ।

**संलग्नः**

१. महासंघको वार्षिक प्रतिवेदन ।

२. महासंघको आ.व. २०८०/८१ को वासलात र लेखापरीक्षकको प्रतिवेदन ।

३. प्रतिनिधि पत्र थान १ (एक) ।

भवदीय,

( गोकर्ण राज अवस्थी )
महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री उपाध्यक्षज्यूहरू, नेउवामहासंघ ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री अध्यक्षज्यू, प्रदेश उद्योग वाणिज्य महासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ ।